जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३५ अंक २७१ २०८३ साल जेठ २३ गते शनिबार (6 June 2026 Saturday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : सन्दर्भ विश्व वातावरण ... ३ पृष्ठमा : उत्थानशीलतामा लगानी, ... ३ पृष्ठमा : युद्ध अन्त्यका लागि प्रत्यक्ष...

## आन्दोलित नगरवासीद्वारा अर्धनग्न जुलुसदेखी अनिश्चितकालिन बजार बन्दसम्मको आन्दोलनका कार्यक्रम घोषणा






**दैनिक समाचारदाता**
**राजविराज, २२ जेठ ।**

लालपुर्जाको माग गर्दै दुई साता भन्दा बढी समयदेखी राजविराज नगरवासी आन्दोलित छन् ।

लालपुर्जा पाउने आशमा झण्डै ७० वर्ष देखी संघर्षरत नगरवासीले कतै कुनै सुनुवाइ नभएपछि आन्दोलन चर्काउदै लगेका हुन । यसै क्रममा नगरवासीको तर्फबाट गठित जनआन्दोलन परिचालन समितीको अगुवाईमा राजविराज नगरपालिका कार्यालयमा धर्ना दिएको १९ दिन तथा तालाबन्दी गरेको शुक्रवार ५ दिन पुगेको छ । उनीहरुले आफुहरुको माग सम्बोधन न भए सम्म तालाबन्दी र धर्ना जारी राख्ने अडान लिएका छन ।

यसैबीच शुक्रवारै आन्दोलनका नयाँ कार्यक्रम घोषणा गरिएको छ । जस अनुसार जेठ २२ गते सिटी जुलुश, जेठ २३ गते लाठी जुलुश, जेठ २४ गते झाडु जुलुश, जेठ २५ गते मोटरसाईकल र्‍याली, जेठ २६ गते अर्धनग्न जुलुश, जेठ २७ गते सबै कार्यालय बन्द, जेठ २८ गते मशाल जुलुश र जेठ २९ गते अनिश्चितकालिन राजविराज बन्द कार्यक्रम रहेका छन् ।

जारी आन्दोलनलाई समर्थन र एक्यबद्धता जनाउदै राजनीतिक दल, संघ, संस्था र जनप्रतिनीधीको संख्या पनि दिनहु बढ्दै गएको छ ।

सो आन्दोलनमा सप्तरी उधोग बाणिज्य संघ, निर्माण व्यवसायी संघ, मुस्लिम समाज, हिन्दु सम्राट नेपाल, यातायात संघ, राजविराज जेसिज तथा दर्जनौ भन्दा बढी जातिय संघ संस्थाले प्रेस विज्ञप्ती नै जारी गरेर आन्दोलन प्रति एक्यबद्धता जनाइ सकेका छन ।

यस्तै जनअधिकार पार्टीका राष्ट्रिय अध्यक्ष शरद सिंह यादव, जसपा नेपालका सचिव शैलेन्द्र प्रसाद साह, केन्द्रिय सदस्य शैलेन्द्र मोहन झा, राष्ट्रिय मुक्ती पार्टीका जिल्ला संयोजक दिपेन्द्र चौधरी लगायतले पनि प्रेस विज्ञप्ती जारी गर्दै आन्दोलन प्रति समर्थन र एक्यबद्धता जनाई सकेका छन ।

यसै क्रममा शुक्रवार धर्नास्थल मै पुगेर मधेश प्रदेशका पुर्व मुख्यमन्त्री सतिस कुमार सिह, पुर्व अर्थ मन्त्री महेश प्रसाद यादव, पुर्व प्रतिनीधीसभा सदस्य रन्जु ठाकुरले पनि समर्थन र एक्यबद्धता जनाएका छन । उनीहरु केही समय धर्नामा वसेका थिए । उनीहरुले नगरवासीको जायज माग पुरा गराउन विगतमा पनि पहल गरेको र भावी दिनमा समेत ठोस पहल गर्ने प्रतिबद्धता समेत जनाए ।

राजविराज स्थापनाकाल देखी नै नगरको मुख्य सडक मेनरोड तथा सडकको दायाँ बाया करिब ७० विगहा क्षेत्रफलमा वसोवास गर्दै आएका ५ हजार भन्दा बढी परिवार हाल सम्म लालपुर्जा विहीन छन ।

पुस्तौदेखी जग्गा उपभोग गर्दै आए पनि कसैको नाममा लालपुर्जा अहिले सम्म बन्न सकेको छैन । यद्धपी नापी कार्यालयले ती मध्येका १७ जनालाई विभिन्न मितिमा आर्थिक लाभ लिएर लालपुर्जा प्रदान गरिसकेको जनआन्दोलन परिचालन समितिका संयोजक खेलानन्द दासको भनाई छ ।

नापी कार्यालय राजविराजको २०२८ सालको नापी अनुसार फिल्डबुकमा पनि उक्त जग्गाहरु गाउँ/ब्लकमा रहेको स्पष्ट उल्लेख छ । उक्त जग्गामा वसोवास गर्दै आएकाहरुको नागरिक्तामा समेत वसोवास गर्दै आएको उक्त जग्गा भएको ठाउँको ठेगानामा उल्लेख छ । यस्तै विजुली, खानेपानी, नगरपालिकालाई महसुल र कर तिरेको रसिद पनि छ । तर सबै प्रमाण हुदा पनि लालपुर्जा पाउन नसकेको नगरवासीको गुनासो छ ।

आन्दोलन चर्किदै गएपछि यस अघि राजविराज नगरपालिकाको मिति २०८२ कार्तिक २८ गते सम्पन्न ९ औं नगरसभाले ब्यक्तीको स्वामित्वमा रहेको उक्त जग्गाको लालपुर्जा प्रदान गर्न नापी कार्यालयललाई सिफारिस समेत गरिसकेको छ । तर उक्त निर्णय र सिफारिस अझै कार्यान्वयन न भएकाले थप दबाव सिर्जना गर्न नयाँ ढंगले आन्दोलन अघि बढाइएको नगरवासीको भनाई छ ।

यता नगरवासीको उक्त समस्या तीन वटै तहका सरकारका लागी हुने निर्वाचनका वेला हरेक राजनीतिक दलको चुनावी एजेण्डा समेत बन्ने गरेको छ ।

## पत्रकार महासंघद्वारा दबाबमूलक आन्दोलन घोषणा

**दैनिक समाचारदाता**
**राजविराज, २२ जेठ ।**

नेपाल पत्रकार महासंघले दबाबमूलक आन्दोलनको घोषणा गरेको छ । शुक्रबार महासंघले एक विज्ञप्ति जारी गर्दै सूचना र विज्ञानपनसम्बन्धी विभेदकारी र स्वेच्छाचारी सरकारी निर्णय खारेजी, प्रेसको संवैधानिक हकको रक्षाका साथै संसदबाटै सर्वपक्षीय कार्यदल गठन गरी संविधान संशोधनको पहल र सूचना उपभोगको सुनिश्चितताका लागि थप दबाबमूलक आन्दोलन घोषणा गरेको हो ।

महासंघले जेठ २५ गतेदेखि असार ५ गतेसम्मका लागि आन्दोलनका कार्यक्रम तय गरेको छ । जसमा जेठ २५ गते बिहान महासंघका सबै संरचनाले संकलन गरेको हस्ताक्षर सबै प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई बुझाउने, जेठ २७ र २९ गते बिहान ११ बजेबाट १२ बजेसम्म सबै जिल्ला प्रशासन कार्यालयमा धर्ना दिने, असार १ र ३ गते ११ बजेबाट १२ बजेसम्म महासंघका प्रदेश समितिको अगुवाइमा सबै मुख्यमन्त्री कार्यालयमा धर्ना दिन, असार ५ गते केन्द्रीय समितिको आयोजनामा पेसागत सङ्गठन र सरोकारवालासहित काठमाडौँ वृहत् ऐक्यबद्धता र्‍याली गर्ने रहेका छन् ।

महासंघ २०८२ साल चैत १८ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट सबै तहको सरकारी विज्ञापन र सूचनाबाट निजी सञ्चार माध्यामहरुलाई वञ्चित गर्ने विभेदकारी परिपत्र खारेजीको माग राखी चरणबद्ध आन्दोलनमा रहेको छ ।

## नेकपाले गर्‍यो गाउँपालिका उपाध्यक्षसहित १० जनप्रतिनिधीलाई पदमुक्त गर्न सिफारिस



**दैनिक समाचारदाता**
**राजविराज, २२ जेठ ।**

नेपाली कम्युनिष्ट पार्टीले सप्तरीका १० जना जनप्रतिनिधिलाई पदमुक्त गर्न पार्टी केन्द्रलाई सिफारिस गरेको छ ।

सप्तरी जिल्ला अन्तरगतका पार्टी केन्द्रीय कमिटी सदस्यहरुको राजविराजमा बसेको बैठकले गत फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा निर्वाचनमा पार्टी र पार्टीका उम्मेदवार बिरुद्ध लागेका छिन्नमस्ता गाउँपालिका उपाध्यक्ष राजोदेवी यादवसहित पार्टीबाट निर्वाचित १० जनप्रतनिधीलाई पदमुक्त गर्न केन्द्रलाई सिफारिस गर्ने निर्णय गरेको हो ।

बैठकले पार्टी र पार्टी उम्मेदवार बिरुद्ध लागेका छिन्नमस्ता गाउपालिका वडा नम्बर १ र ६ का वडाअध्यक्ष ललन यादव र कपलेश्वर साह, राजविराज नगरपालिका ७, ८ र १० का वडाअध्यक्ष क्रमशः सुभाष यादव, जयनारायण मण्डल र गंगाराम खंग, विष्णुपुर गाउपालिका १ का वडाध्यक्ष बलराम यादव, रुपनी गाउपालिका २ का वडाध्यक्ष सरोज यादव, तिलाठी कोइलाडि गाउपालिका ४ का वडाअध्यक्ष मुनिलाल मुखिया र सुरुङ्गा नगरपालिका १ का वडाअध्यक्ष छत्रबहादुर राउतलाई पदमुक्त गर्न पार्टी केन्द्रलाई सिफारिस गरेको छ ।

प्रतिनिधिसभा निर्वाचनमा पार्टीका चुनाव चिन्हबाट निर्वाचित स्थानीय जनप्रतिनिधीहरु पार्टी र पार्टी उम्मेदवार बिरुद्ध लागेको पुष्टि भएकाले उनीहरुलाई कानुन अनुसार पद मुक्त गर्न निर्वाचन आयोगमा कारवाही प्रकृया अगाडी बढाउन केन्द्रलाई सिफरिस गरेको केन्द्रीय सदस्य गोविन्द न्यौपानेले बताए ।

पार्टी मधेश प्रदेश इन्चार्ज महेन्द्र राय यादव, सह-इन्चार्ज विश्वनाथ साह एवं सहसंयोजक सुधिर साहको उपस्थितिमा बसेको बैठकले जिल्लाका १८ पालिकामा असार १० गते भित्र संगठनात्मक समायोजन प्रकृया टुङ्ग्याउने गरी एक पालिका एक केन्द्रिय सदस्यको अवधारणमा केन्द्रीय सदस्यको जिम्मेवारी वाडफाड गरेको केन्द्रीय सदस्य सुर्यनाथ यादवले बताए ।




# सन्दर्भ विश्व वातावरण दिवस: 'जोगाए पो प्रकृति जोगिएला भविष्य'

**प्रगति ढकाल**
काठमाडौं, २२ जेठ (रासस) ।

*ए मान्छे हो,*
*रोक आफैंलाई डढाउन खोज्ने हातहरू,*
*पछि फर्काउ विष कुण्डतिर बढेका*
*तिम्रा ती खुट्टाहरू;*
*रुखलाई संरक्षण गर्न प्रयोग गर,*
*भविष्यमाथि बन्चरो नहान,*
*बुझ र फर्क*
*हरित नेपालतर्फ ।*

कवि निर्मलमणि अधिकारीको 'बुझ र फर्क' शीर्षककको कविताबाट ल्याइएको यी हरफहरूले हरियाली, जीवन र भविष्यप्रतिको चिन्तालाई उजागर गरेको छ । हरित नेपालतर्फ फर्किन गरेको कविको आह्वान आजको जलवायु सङ्कट र पर्यावरणीय चुनौतीबीच अझै सान्दर्भिक र अर्थपूर्ण बनेर उभिएको छ ।

यस्तै सन्देश विश्वप्रसिद्ध गायक माइकल ज्याक्सनको 'अर्थ सङ' ले पनि तीन दशकअघि नै दिएको थियो । के तिमीले कहिल्यै रोकेर हेर्यौ युद्धमा मारिएका बालबालिकाहरू ? के तिमीले कहिल्यै रोकेर हेर्यौ यो रोइरहेकी पृथ्वी, यो विलाप गरिरहेको किनारा ?

यी हरफहरूले युद्ध, वन विनाश, प्रदूषण र मानवको उदासीनताप्रति गम्भीर प्रश्न उठाउँछन् । आज विश्वले भोगिरहेको जलवायु सङ्कटलाई हेर्दा माइकल ज्याक्सनको त्यो गीत भविष्यवाणीझैं लाग्छ ।

पृथ्वी अहिले जलवायुजन्य सङ्कटमा छिन । कतै अत्यासलाग्दो गर्मीको लहर छ, कतै भीषण बाढी । कतै सुक्दै गएका छन् पानीका मुहान । अनि गहिरिँदै छ, खानेपानीको सङ्कट । जलवायु परिवर्तनका कारण हिमालहरूले हिउँ गुमाउँदै छन् । नदीहरूको बहाव अनिश्चित बन्दै गएको छ । मानव गतिविधिका कारण वातावरणीय सन्तुलन बिग्रँदा बाढी, पहिरो, डुबान, वन डढेलो, खडेरी र तातो हावाका लहरजस्ता विपद्हरूले पृथ्वीको अस्तित्वलाई नै नास गर्ने त होइन ? भन्ने चिन्ताजनक प्रश्न तेर्सिएको छ ।

सुक्खा मौसमले खाद्य सङ्कट निम्त्याउला कि भन्ने चिन्ता उस्तै छ । जलवायु परिवर्तनका कारण ती सेता हिमाल कालो पत्थरमा परिणत हुने हो कि डर पनि छ । वातावरणीय न्यायका लागि सडकदेखि सदनसम्म र राष्ट्रिय तहदेखि अन्तरराष्ट्रिय तहसम्म आवाज उठी नै रहेका छन् । जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय प्रारुप महासन्धि (युएनएफसिसिसी) का पक्ष राष्ट्रहरूको २९ औं शिखर सम्मेलनजस्ता अन्तरराष्ट्रिय फोरमहरूमा जलवायु न्यायका लागि नेपाललगायत जलवायु प्रभावित विकासोन्मुख मुलुकले उठाएका जलवायु न्यायका आवाजहरू कहिले कार्यान्वयन हुने हुन् त्यो भने हेर्न बाँकी नै छ ।

नेपालमा सन् २०२१ को मेलम्ची बाढी, २०८१ साउन ३२ गतेको १:३० बजे सोलुखुम्बुस्थित खुम्बु पासाङल्हामु गाउँपालिकाको थामेमा अचानक लेदोसहित आएको बाढी, २०८२ असार २४ गते सुप्राग्लेसियर ताल फुटेर रसुवाको ल्हेन्दे खोलामा अचानक आएको बाढी तथा भारतको उत्तराखण्डमा सन् २०१३ मा आएको केदारनाथ बाढी, भारतको सिक्किममा सन् २०२३ मा भएको दक्षिण ल्होनाक हिमताल विस्फोटजन्य बाढीलगायतका घटनालाई जलवायु परिवर्तनका ज्वलन्त उदारणको रुपमा लिइन्छ ।

विश्व मौसम सङ्गठनले सन् २०२५ जलवायु परिवर्तनका दृष्टिले अत्यन्तै चिन्ताजनक वर्षका रूपमा लिएको छ । सङ्गठनका अनुसार विश्वव्यापी रूपमा तापक्रम वृद्धि, चरम मौसमीय घटना र वातावरणीय असन्तुलनले मानव जीवन, कृषि र पारिस्थितिक प्रणालीमा गम्भीर प्रभाव पारेका छन् । सन् २०२५ इतिहासकै सबैभन्दा तातो वर्षमध्ये शीर्ष तीनमा परेको सङ्गठनको तथ्याङ्क जनाउँछ । पछिल्लो दशकभरि लगातार नयाँ तापक्रम रेकर्ड कायम भइरहेको भन्दै विश्वका वैज्ञानिकहरूले चिन्ता जनाएका छन् । यसवर्ष नै अफ्रिका, एसिया र युरोपका विभिन्न क्षेत्रमा व्यापक गर्मीको लहर ( हिटवेभ) देखियो, जसले कृषि उत्पादनमा गिरावट ल्यायो ।

जल तथा मौसम विज्ञान विभागले यस वर्षको मनसुन अवधिमा खडेरी पर्नसक्ने र सुक्खा बढ्नसक्ने प्रक्षेपण गरेको छ । मनसुन अवधि ( समान्यतया जेठ १८ देखि असोज १४ सम्म) चार महिनामा अधिकांश भू-भागमा सरदरभन्दा कम वर्षा हुने तथा अधिकतम् र न्यूनतम तापक्रम भने देशभर सरदरभन्दा बढी रहने सम्भावना रहेको बताउनुहुन्छ जल तथा मौसम विज्ञान विभागका मौसमविद् सुदर्शन हुमागाईं । यसले गर्दा बर्खे धान रोपाइँलाई असर गर्नसक्ने र उत्पादनमा समेत ह्रास आउनसक्ने भन्दै कृषकहरू चिन्तित छन् । कृषि तथा पशुपन्छी विकास मन्त्रालयका अनुसार गतवर्ष पनि मधेसमा सुक्खा बढ्दा आव २०८१/८२ मा ५९ लाख ५५ हजार ४७६ मेट्रिक टन उत्पादन भएकामा चालु आव ४.२० प्रतिशतले कमी भई ५७ लाख पाँच हजार १२६ मेट्रिक टन उत्पादन भएको छ ।

सुक्खाकै कारण मधेस क्षेत्रलगायत तराईका अधिकांश स्थानमा खानेपानीको सङ्कट बढ्दो रहेको छ । सङ्घीय सदनमा सांसदहरूले मधेशमा सुक्खाको समस्या बढिरहेको भन्दै समाधानका लागि तत्काल बजेट व्यवस्थापन गर्न सरकारलाई आग्रह गर्दै आइरहेका छन् । विश्वको तापक्रम वृद्धि १.५ डिग्रि सेन्टिग्रेडमा कायम राख्न सकिए पनि एक्काइसौं शताब्दीका अन्त्यसम्म हिमालय क्षेत्रबाट ३६ प्रतिशत हिउँ पग्लने अध्ययनले देखाएको छ ।

**एल निनोको तीव्र विकाससँगै विश्वव्यापी तापक्रम बढ्ने सम्भावना**

यस वर्ष तीव्र रूपमा विकसित भइरहेको एल निनोका कारण विश्वका अधिकांश भूभागमा औसतभन्दा बढी तापक्रम हुने तथा दक्षिण एसियासहित भारतीय उपमहाद्वीपमा औसतभन्दा कम वर्षा हुने सम्भावना रहेको भन्दै चिन्ता जनाइएको छ । विश्व मौसम विज्ञान सङ्गठन (डब्लुएमओ) अन्तर्गतको बहु-मोडेल मौसमी पूर्वानुमान प्रणालीले सार्वजनिक गरेको पछिल्लो मौसमी पूर्वानुमानअनुसार यस वर्षको सुरुआतमा कमजोर बन्दै गएको ला निनाबाट प्रशान्त महासागरको अवस्था तटस्थमा पुगेको भए पनि आगामी महिनाहरूमा बलियो एल निनो विकसित हुने सङ्केत देखिएको छ । प्रशान्त महासागरमा विकसित भइरहेको एल निनोसँगै सकारात्मक आइओडीको प्रभावले दक्षिण एसियाली मनसुन प्रणालीमा थप असर पार्न सक्ने मौसमविद्हरूको भनाइ छ ।

पूर्वानुमानअनुसार उत्तरी अमेरिका, युरोप, अफ्रिका तथा एसियाका अधिकांश भूभागमा औसतभन्दा बढी तापक्रम हुने सम्भावना उच्च छ । दक्षिण तथा पूर्वी एसियामा तापक्रम वृद्धि हुने सम्भावना अझ बढी रहेको उल्लेख गरिएको छ । दक्षिणी गोलार्द्धका दक्षिण अमेरिका, दक्षिणी अफ्रिका तथा अस्ट्रेलियाका धेरै क्षेत्रमा पनि औसतभन्दा बढी तापक्रम रहने सङ्केत देखिएको छ ।

भूमध्यरेखीय अफ्रिका तथा समुद्री दक्षिणपूर्वी एसियामा समेत तापक्रम सामान्यभन्दा माथि रहने सम्भावना प्रबल छ । विपद् व्यवस्थापनविद् डा धर्मराज उप्रेतीका अनुसार एल निनोको तीव्र विकासले विश्वव्यापी तापक्रम वृद्धि, खडेरी, पानीको अभाव तथा चरम मौसमी घटनाहरूको जोखिम बढाउन सक्छ । त्यसैले प्रभावित हुनसक्ने क्षेत्रहरूले कृषि, जलस्रोत व्यवस्थापन तथा विपद् जोखिम न्यूनीकरणका लागि समयमै तयारी गर्नुपर्ने आवश्यकता रहेको औंल्याउनुभयो ।

**हिन्दूकुश हिमालय क्षेत्रमा विपद्को जोखिम बढ्दो**

हिन्दूकुश हिमालय क्षेत्रका आठ देशमध्ये चार देशले सन् २०२५ मा १० भन्दा बढी ठूला विपद् सामना गरेको तथ्याङ्क सार्वजनिक भएको छ । एकीकृत पर्वतीय विकासका लागि अन्तरराष्ट्रिय केन्द्र ( इसिमोड) को विश्लेषणले यस क्षेत्र जलवायुजन्य तथा प्राकृतिक प्रकोपको बढ्दो जोखिममा रहेको देखाएको हो । आइसीआइमोडले आपत्कालीन घटनासम्बन्धी अन्तरराष्ट्रिय तथ्याङ्क (इएम-डेटा) को विश्लेषण गर्दै यी क्षेत्रका देशहरूले सन् २०२४ मा मात्रै बाढी, पहिरो, आँधीबेहरीलगायत पानीजन्य विपद्का कारण छ अर्ब अमेरिकी डलरभन्दा बढी आर्थिक क्षति बेहोरेको जनाएको छ ।

मनसुनी वर्षाका कारण बङ्गलादेश, भारत, नेपाल र पाकिस्तानमा बारम्बार बाढी र पहिरोका घटना भए । केही स्थानमा हिमताल विस्फोटजन्य बाढी (ग्लेसियल लेक आउटबर्स्ट फ्लड) का घटनासमेत दर्ज भएका छन् । यी विपद्का कारण क्षेत्रभर करिब १२ लाख मानिस प्रत्यक्ष प्रभावित वा विस्थापित भएका छन् । इएम-डेटाका अनुसार विश्वव्यापी रूपमा सन् २०२५ मा विपद्सम्बन्धी आर्थिक क्षति १६९ अर्ब अमेरिकी डलरभन्दा बढी पुगेको अनुमान गरिएको छ । पछिल्ला वर्षहरूमा हिमाली क्षेत्रमा बाढी, पहिरो तथा अन्य जोखिमहरू एकअर्कासँग गाँसिँदै गएको र यसले घर, पूर्वाधार तथा आधारभूत सेवामा हुने क्षति झन् बढाएको इसिमोडको निष्कर्ष छ । विज्ञहरूले जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा चरम मौसमीय घटनाको आवृत्ति र तीव्रता बढ्दै गएको भन्दै समयमै अनुकूलन, पूर्वसूचना प्रणालीको विस्तार तथा बहुविपद् जोखिम व्यवस्थापनलाई प्राथमिकता दिनुपर्नेमा जोड दिएका छन् ।

**विकास र वातावरणलाई सँगै अघि बढाउनुपर्नेमा जोड**

वातावरण विभागका महानिर्देशक ज्ञानराज सुवेदीले वातावरणमैत्री र दिगो विकासको अवधारणालाई प्रभावकारी रूपमा अवलम्बन गर्न नसक्दा विश्वले जलवायुजन्य सङ्कटको सामना गरिरहेको बताउनुभएको छ । उहाँले जलवायु परिवर्तनका असरहरू विश्वभर बढ्दै गएको उल्लेख गर्दै विकासका गतिविधिलाई प्रकृति र वातावरणसँग सन्तुलित ढङ्गले अगाडि बढाउन आवश्यक रहेकामा जोड दिनुभयो । "जलवायु तथा प्रकृतिमैत्री विकासलाई प्रवर्द्धन गर्दै विकास र वातावरणलाई सँगसँगै अघि बढाउने सन्देश प्रवाह गर्नुपर्छ," महानिर्देशक सुवेदीले भन्नुभयो, "आर्थिक समृद्धि र पूर्वाधार विकासलाई मात्र प्राथमिकता दिने प्रवृत्तिले प्राकृतिक स्रोत साधनमाथि दबाब बढाएको छ, जसका कारण जलवायु परिवर्तनका जोखिम र चुनौतीहरू थप गम्भीर बन्दै गएका छन् ।"

विकासका योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनको क्रममा वातावरणीय पक्षलाई समान महत्व दिनुपर्ने उहाँको भनाइ छ । महानिर्देशक सुवेदीले दिगो विकासका लक्ष्य हासिल गर्न हरित विकास, वातावरण संरक्षण तथा जलवायु अनुकूलनका उपायहरूलाई प्राथमिकतामा राख्नुपर्ने आवश्यकता औंल्याउँदै विकास र वातावरणबीच सन्तुलन कायम गर्न सके मात्र दीर्घकालीन समृद्धि सुनिश्चित हुने बताउनुभयो ।

**वातावरण संरक्षणलाई औपचारिक कार्यक्रममा मात्रै सीमित गर्न नहुने**

जलवायु अभियन्ता गीता पाण्डेले वातावरण संरक्षणलाई औपचारिक कार्यक्रम वा हरेक दिनको उत्सवमा सीमित नगरी दैनिक जीवन, समुदाय र परम्परागत अभ्याससँग जोड्नुपर्नेमा जोड दिनुभएको छ । उहाँले नेपालका विभिन्न आदिवासी तथा स्थानीय समुदायहरूले पुस्तौंदेखि प्रकृतिसँग सहअस्तित्वमा आधारित जीवनशैली अपनाउँदै आएको उल्लेख गर्नुभयो । यसवर्ष जुन ५ अर्थात् विश्व वातावरण दिवसकै दिन थारु समुदायको परम्परागत 'धुरिया पूजा' परेको सन्दर्भ उल्लेख गर्दै उहाँले यसलाई वातावरण संरक्षण र सांस्कृतिक परम्पराबीचको गहिरो सम्बन्धको प्रतीकका रूपमा व्याख्या गर्नुभयो ।

थारु समुदायमा प्रत्येक वर्ष जेठ महिनामा, मनसुन सुरु हुनुअघि मनाइने धुरिया पूजामा विभिन्न गाउँका बडघर र चौधरियाहरू एकै स्थानमा भेला भई जलस्रोतको पूजा गर्नुका साथै समुदायका साझा सरोकारका विषयमा छलफल गर्ने परम्परा रहेको छ । यस पर्वले प्रकृति, वन, जलस्रोत तथा वातावरणप्रतिको सम्मान, संरक्षण र सहअस्तित्वको सन्देश प्रवाह गर्ने विश्वास गरिन्छ । पाण्डेका अनुसार पुस्तौंदेखि अभ्यास हुँदै आएको झुरिया पूजा जलस्रोतप्रतिको सम्मान र संरक्षणसँग प्रत्यक्ष रूपमा जोडिएको छ ।

विश्व वातावरण दिवस र झुरिया पूजा एउटै दिन पर्नु केबल संयोग मात्र नभई प्रकृतिसँगको सम्बन्ध तथा वातावरण संरक्षणप्रतिको साझा जिम्मेवारीलाई स्मरण गराउने महत्वपूर्ण अवसर भएको उहाँले बताउनुभयो । जलवायु परिवर्तनका चुनौती बढ्दै गएको वर्तमान अवस्थामा यस्ता परम्परागत ज्ञान र अभ्यासको संरक्षण तथा प्रवर्द्धन गर्दै वातावरण संरक्षणका प्रयासलाई थप प्रभावकारी बनाउनुपर्नेमा उहाँले जोड दिनुभयो ।

**अबको बाटो के हुने ?**

पूर्वमन्त्री दीपक ज्ञवालीले नेपालमा भइरहेका अव्यवस्थित सडक निर्माणका कारण कमजोर पहाडी भूबनोटमा जथाभावी सडक विस्तारले विपद् जोखिम बढाएको बताउनुभयो । "जलवायु परिवर्तनका कारण माटो सुक्दै गएको छ, जसले सबैभन्दा बढी असर गरिब समुदायलाई पारिरहेको छ", उहाँले भन्नुभयो, "अबको बाटो भनेको राज्यले जलवायु लगानी बढाउनुपर्छ । खाली अन्तरराष्ट्रिय वित्तमा मात्रै भर पर्नुभएन ।

विपद् व्यवस्थापनविद् अच्युत लुईंटेलले विकास र वातावरणबीच सन्तुलन कायम गर्न नसके जलवायुजन्य विपद् अझै बढ्नसक्ने भन्दै दिगो, वातावरण तथा जलवायुमैत्री विकासलाई अगाडि बढाउनुपर्ने सुझाव दिनुभयो । वातावरण अभियन्ता आरती पौडेलले जलवायु परिवर्तनसम्बन्धी राष्ट्रिय तथा अन्तरराष्ट्रिय नीतिहरू र स्थानीय समुदायका वास्तविक आवश्यकता तथा अनुभवबीच अझै पनि उल्लेख्य दूरी रहेको बताउनुभएको छ । "जलवायु सङ्कटको प्रभाव न्यूनीकरण र दिगो भविष्य निर्माणका लागि स्थानीय समुदायको भूमिका केन्द्रमा राख्न आवश्यक छ । प्रकृतिसँग सहकार्य गर्दै अघि बढ्नु अब विकल्प होइन, अपरिहार्यता हो", उहाँले भन्नुभयो ।

**जलवायु न्यायको सुनिश्चितता आवश्यक**

वातावरण कानुनविद् प्रकाशमणि शर्माले जलवायु न्यायको सुनिश्चितमार्फत जलवायु परिवर्तनबाट प्रभावित समुदायको अधिकार संरक्षण गर्न सकिने बताउनुभयो । प्रकृतिको समृद्धिबिना मानव सभ्यताको समृद्धि सम्भव नहुने उहाँको भनाइ छ । शर्माले विश्वव्यापी रूपमा तापक्रम वृद्धि भइरहेका कारण जलवायु परिवर्तनका चुनौतीलाई गम्भीरतापूर्वक सम्बोधन गर्न आवश्यक रहेको उल्लेख गर्नुभयो । "हिमालहरू पानीका टावर हुन्", उहाँले भन्नुभयो, "हिमशृङ्खलाहरू तीव्र रूपमा पग्लिँदै गए र पानीको भण्डार घट्दै गयो भने भविष्यमा अर्बौं मानिसले खानेपानीको गम्भीर सङ्कट सामना गर्नुपर्ने अवस्था आउन सक्छ ।"

शर्माले जलवायु परिवर्तनको असरबाट सबैभन्दा बढी गरिब तथा सीमान्तकृत समुदाय प्रभावित हुने बताउनुभयो । उहाँका अनुसार यस्ता समुदायसँग अनुकूलनका लागि आवश्यक स्रोत र क्षमता कम हुने भएकाले जलवायु सङ्कटको भार पनि उनीहरूले नै बढी वहन गर्नुपरेको छ । उहाँले वातावरणीय पक्षलाई बेवास्ता गर्दै अगाडि बढाइने विकासले अन्ततः विनाश निम्त्याउन सक्ने चेतावनी दिनुभयो । जलवायु परिवर्तनसम्बन्धी अन्तरराष्ट्रिय सन्धि-सम्झौता, नेपालको संविधानको धारा ३० ले सुनिश्चित गरेको स्वच्छ वातावरणमा बाँच्न पाउने मौलिक हक तथा वातावरण संरक्षणसँग सम्बन्धित कानुन र राज्यका नीतिहरूको प्रभावकारी कार्यान्वयनमा शर्माले जोड दिनुभयो । "जलवायु परिवर्तनको चुनौती सामना गर्न कानुनी व्यवस्था, नीतिगत प्रतिबद्धता र व्यवहारिक कार्यान्वयनबीचको दूरी कम गर्न आवश्यक छ", उहाँले भन्नुभयो, "प्रकृति संरक्षण र दिगो विकासलाई सँगसँगै अगाडि बढाउन सके मात्र भावी पुस्ताको सुरक्षित भविष्य सुनिश्चित गर्न सकिन्छ ।"

# उत्थानशीलतामा लगानी, समावेशी विपद् जोखिम न्यूनीकरण र पूर्वकार्यलाई सुदृढ गर्न आह्वान

**कृष्ण अधिकारी**
काठमाडौँ, २२ जेठ (रासस)।

प्राकृतिक विपद्को उच्च जोखिममा रहेका दक्षिण एसियाली मुलुकबीच क्षेत्रीय सिकाइ आदानप्रदान, समावेशी विपद् जोखिम शासन प्रणाली र समुदाय-केन्द्रित उत्थानशीलता निर्माणका लागि व्यावहारिक नीति तथा लगानी सिफारिस अघि बढाउने साझा प्रतिबद्धता व्यक्त गरिएको छ।

दुर्योग निवारण र विपद् पूर्वतयारी सञ्जाल-नेपालको संयुक्त आयोजनामा, यहाँ सम्पन्न 'सुरक्षित भविष्य निर्माणः समुदायको उत्थानशीलतामा लगानी' विषयक दक्षिण एसिया नीति संवादका सहभागी वक्ताहरूबीच पूर्वतयारीमा लगानी, समावेशी तथ्याङ्क प्रणाली, पूर्वानुमानमा आधारित पूर्वकार्य, प्रभावमा आधारित पूर्वसूचना प्रणाली, जोखिम हस्तान्तरण, समुदाय-नेतृत्वको निगरानी तथा स्थानीय सन्दर्भ अनुकूल विपद् जोखिम शासन प्रणालीलाई सुदृढ गर्नुपर्ने साझा समझदारी बनेको छ।

कार्यक्रममा नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा-प्रतिष्ठानका प्राज्ञ तथा नेपाल वाटर कन्जर्भेसन फाउन्डेसनका संस्थापक अध्यक्ष श्री दीपक ज्ञवालीले भविष्यका जोखिमलाई पहिल्यै अनुमान गरी क्षति हुनुअघि नै जोखिम न्यूनीकरणमा लगानी गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो। उहाँले जलवायु परिवर्तन, अधुरो विकास प्रक्रिया, बदलिँदो विश्वव्यवस्था, वित्तीय प्राथमिकतामा आएको परिवर्तन र विपद् जोखिम वित्तीय व्यवस्थापनका चुनौतीलाई मध्यनजर गर्दै विपद् जोखिम शासन प्रणालीलाई पुनःविचार गर्नुपर्ने विषयमा जोड दिनुभयो।

दुर्योग निवारणका अध्यक्ष अच्युत लुइँटेलले समावेशी, प्रमाणमा आधारित र समुदाय-केन्द्रित विपद् जोखिम न्यूनीकरण तथा जलवायु उत्थानशीलतासम्बन्धी अभ्यास र नीतिगत बहसलाई प्रवर्द्धन गर्न संवादको आयोजना गरिएको बताउनुभयो। विपद् पूर्वतयारी सञ्जाल-नेपालका अध्यक्ष डा वसन्तराज अधिकारीले विपद्ले राजनीतिक वा प्रशासनिक सिमाना नमान्ने भएकाले क्षेत्रीय सहकार्य, सीमापार जोखिम व्यवस्थापन, पूर्वानुमानमा आधारित तयारी, जोखिम-सूचित लगानी र समुदाय-नेतृत्वको पूर्वतयारीलाई थप सुदृढ गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

समुदायको उत्थानशीलता निर्माणमा लैङ्गिक समावेशीकरण विषयमा केन्द्रित संवादको दोस्रो सत्रमा लैङ्गिक दृष्टिले असमावेशी विपद् जोखिम न्यूनीकरणलाई कायम राख्ने शासनगत कमजोरीबारे छलफल गरिएको थियो। वक्ताहरूले विपद् जोखिम मूल्याङ्कन, पूर्वतयारी योजना, पूर्वकार्य, पुनर्लाभ तथा स्रोत वितरणमा महिला, किशोरी, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, सीमान्तकृत जाति, समुदाय र जीविकोपार्जन समूहहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नुपर्नेमा जोड दिएका थिए।

लिङ्ग, उमेर र अपाङ्गताअनुसार वर्गीकृत तथ्याङ्कको महत्व विशेष रूपमा उठान गरियो। यस्ता तथ्याङ्क केवल प्रतिवेदनका लागि मात्र सङ्कलन नगरी पूर्वसूचना सम्प्रेषण, सुरक्षित स्थानमा स्थानान्तरण योजना, आश्रयस्थलको डिजाइन, स्रोत विनियोजन, स्थानीय बजेट निर्माण र जोखिममा रहेका समूहलाई लक्षित सहयोगका लागि प्रयोग गर्नुपर्नेमा सहभागीहरूको जोड थियो।

दक्षिण एसियाका विभिन्न देशका उत्थानशीलता निर्माणका अभ्यास प्रस्तुत गरिएको तेस्रो सत्रमा नेपालमा नागरिक विज्ञान र समुदायमा आधारित जलमापनमार्फत बाढी पूर्वसूचना प्रणाली, जोखिम हस्तान्तरण र सूचकाङ्कमा आधारित बिमा, भारतको अत्यधिक गर्मी जोखिम व्यवस्थापन र अत्यधिक गर्मी तथा तातो हावाको लहरबारे कार्ययोजना तथा श्रीलङ्कामा आँधीबेरी साइक्लोनपछिको पुनर्लाभ प्रक्रियाबाट प्राप्त शासनगत सिकाइका बारेमा छलफल भएको थियो।

नेपालको अनुभवले समुदायलाई केवल सूचना प्राप्त गर्ने समूहका रूपमा नभई जोखिम सूचना उत्पादन गर्ने, व्याख्या गर्ने र प्रवाह गर्ने प्रमुख साझेदारका रूपमा हेर्नुपर्ने सन्देश दिएको छ।

सो अवसरमा स्थानीय वर्षा मापन, नदीको जलसतह निगरानी, प्रभावमा आधारित वर्षा सूचना, नागरिक वैज्ञानिक, महिला तथा युवा स्वयंसेवक र डिजिटल प्लेटफर्मको प्रयोगले स्थानीय तहमा विश्वास, तयारी र समयमै कार्य गर्न सक्ने क्षमता बढाएको उदाहरण प्रस्तुत गरिएको थियो।

सो अवसरमा जोखिम हस्तान्तरणमा सूचकाङ्कमा आधारित तथा 'प्यारामेट्रिक' बिमा प्रणालीले पूर्वनिर्धारित वर्षा, जलसतह वा अन्य जोखिम सूचक पार भएपछि छिटो भुक्तानी गर्नसक्ने भएकाले साना किसान, न्यून आय भएका घरधुरी र जलवायु जोखिममा रहेका समुदायलाई छिटो पुनर्लाभमा सहयोग पुर्‍याउनसक्ने सम्भावनाको खोजी पनि भएको थियो।

साथै, वैज्ञानिक रूपमा प्रमाणित सूचक, सरकारी प्रमाणीकरण, प्रिमियममा अनुदान, सामाजिक सुरक्षा प्रणालीसँगको सम्बन्ध र मौसम विज्ञान निकाय, बिमा प्राधिकरण, स्थानीय सरकार तथा समुदायबीच सहकार्य हुनुपर्ने वक्ताहरूको धारणा थियो।

अत्यधिक गर्मीले स्वास्थ्य, शिक्षा, श्रम उत्पादकत्व, जीविकोपार्जन र जोखिममा रहेका समूहमा गम्भीर असर पार्ने बताउँदै अत्यधिक गर्मी तथा तातो हावाको लहर बारे कार्ययोजनालाई स्थानीय सरकार, स्वास्थ्य प्रणाली, विद्यालय, श्रमिक सुरक्षा, सहरी योजना र सार्वजनिक पूर्वसूचना प्रणालीसँग संस्थागत रूपमा जोड्नुपर्ने आवश्यकता औँल्याइयो।

विपद् पूर्वतयारी सञ्जाल-नेपालका महासचिव ई सुरज गौतमले सुरक्षित भविष्य निर्माणका लागि प्रविधि र वित्तीय स्रोतमात्र पर्याप्त नहुने, बरु समुदायमा विश्वास निर्माण, संस्थागत प्रतिबद्धता, अर्थपूर्ण सहभागिता र दीर्घकालीन लगानी अपरिहार्य रहेको निष्कर्ष सुनाउनुभयो।

कार्यक्रममा दुर्योग निवारणद्वारा तयार गरिँदै गरेको लैङ्गिक तथा सामाजिक समावेशी विपद् जोखिम न्यूनीकरण 'चेकलिस्ट'का बारेमा प्रस्तुतीकरण गरिएको थियो। चेकलिस्टले लैङ्गिक उत्तरदायी र सामाजिक रूपमा समावेशी विपद् जोखिम न्यूनीकरणलाई योजना, कार्यान्वयन, अनुगमन र मूल्याङ्कनमा व्यावहारिक रूपमा समावेश गर्न मद्दत पुर्‍याउने अपेक्षा गरिएको छ।

संवादमा नेपाल, भारत, श्रीलङ्का, बङ्गलादेश, पाकिस्तानका सरकारी तथा गैरसरकारी प्रतिनिधि, नागरिक समाज संस्था, अनुसन्धानकर्ता, विकास साझेदार, क्षेत्रीय सञ्जाल, दक्षिण एसियाका विपद् जोखिम न्यूनीकरणका अभ्यासकर्ता तथा समुदायमा आधारित उत्थानशीलता प्रवर्द्धनमा संलग्न सरोकारवालाको सहभागिता थियो।

# पश्चिमी प्रणाली सक्रिय, वर्षासँगै तराईमा तापक्रम बढ्ने

काठमाडौँ, २२ जेठ (रासस)।

मुलुकमा हाल उपल्लो वायुमण्डलमा रहेको पश्चिमी न्यून चापीय रेखा (ट्रफ) तथा स्थानीय वायुको आंशिक प्रभाव रहेकाले देशका विभिन्न क्षेत्रमा बदली र वर्षा हुनसक्ने छ।

जल तथा मौसम पूर्वानुमान महाशाखाका अनुसार हाल कोशी, मधेस, बागमती र सुदूरपश्चिम प्रदेशलगायत देशका हिमाली तथा पहाडी भू-भागमा साधारणतया बदली रहेको छ भने तराईका अधिकांश क्षेत्रमा मौसम मुख्यतया सफा रहेको छ। कोशी, बागमती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशका केही तथा सुदूरपश्चिम प्रदेशका पहाडी भागका एकदुई स्थानमा हल्कादेखि मध्यम वर्षा भइरहेको छ।

महाशाखाले शुक्रबार दिउँसो कोशी प्रदेशसहित देशका हिमाली तथा पहाडी भेगमा साधारणतया बदली रहने तथा तराई क्षेत्रमा आंशिक बदली रहने जनाएको छ। लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका केही तथा अन्य हिमाली र पहाडी भागका एकदुई स्थानमा मेघगर्जन तथा चट्याङसहित मध्यम वर्षा हुने सम्भावना छ। मधेश कोशी, बागमती र गण्डकी प्रदेशका तराईका एकदुई स्थानमा पनि वर्षाको सम्भावना छ।

यसैगरी, मधेस र लुम्बिनी प्रदेशका तराई भागका थोरै स्थानमा मध्यम तातो लहर चल्ने तथा कोशी, बागमती, गण्डकी र सुदूरपश्चिम प्रदेशका तराईका केही स्थानमा गर्मी बढ्ने सम्भावना छ।

शुक्रबार राति कोशी प्रदेशसहित देशका हिमाली भागमा साधारणतया बदली रहने, पहाडी भाग तथा मधेश प्रदेशमा आंशिक बदली रहने र बाँकी तराई क्षेत्रमा मौसम मुख्यतया सफा रहने महाशाखाको पूर्वानुमान छ। कोशी प्रदेशका थोरै स्थान तथा मधेस, बागमती, गण्डकी, लुम्बिनी र कर्णाली प्रदेशका हिमाली तथा पहाडी भागका एकदुई स्थानमा हल्का वर्षा वा हिमपात हुन सक्ने जनाएको छ।

साथै, महाशाखाले तापक्रम बढ्ने सम्भावना रहेका विभागले बर्दिया, बाँके, दाङ, कपिलवस्तु, रुपन्देही, नवलपरासी (बर्दघाट-सुस्तापश्चिम), पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा र सप्तरी जिल्लामा आगामी तीन दिनसम्म विशेष सतर्कता अपनाउन आग्रह गरेको छ।

तातो लहरको प्रभावबाट बच्न दिउँसोको समयमा सकेसम्म घरभित्र वा चिसो स्थानमा बस्न, अनावश्यक रूपमा घाममा बाहिर ननिस्कन, हल्का तथा सुती कपडा लगाउन, बाहिर निस्कँदा टोपी वा छाता प्रयोग गर्न तथा प्रशस्त मात्रामा पानी र झोल पदार्थ सेवन गर्न सुझाव दिइएको छ।

## विश्व समाचार

### युद्ध अन्त्यका लागि प्रत्यक्ष वार्ता गर्न पुटिनलाई जेलेनस्कीको आह्वान

किएभ, २२ जेठ (रासस/क्युएनए)।

युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनलाई रूस र युक्रेन बीचको चार वर्ष भन्दा लामो द्वन्द्व अन्त्य गर्नका लागि प्रत्यक्ष वार्ता गर्न आह्वान गर्नु भएको छ।

खुला पत्रमा जेलेन्स्कीले युद्ध अन्त्य गर्ने प्रस्ताव इमानदारीपूर्वक, मर्यादाका साथ र पुनः युद्ध नहुने ग्यारेन्टीका साथ गरिनु पर्नेसमेत बताउनु भएको छ। जेलेन्स्कीले प्रस्तावित बैठक परम्परागत रूपमा अन्तर्राष्ट्रिय वार्ताको लागि मध्यस्थताको भूमिका निर्वाह गर्दै आएका स्वीट्जरल्याण्ड, टर्की वा अरबका कुनै देशहरूमा हुन सक्ने उल्लेख गर्नुभएको छ।

उहाँले आफ्नो देश वार्ता प्रक्रियाको अवधिमा पूर्ण युद्ध-विराम लागु गर्न तयार रहेको बताउँदै संयुक्त राज्य अमेरिकासहितका अन्तरराष्ट्रिय साझेदारहरूले युद्धविरामको पालनाको निगरानी गरेर मद्दत गर्न सक्ने बताउनु भएको छ। यदि रूसले युद्ध-विराम प्रस्ताव अस्वीकार गरेमा किएभले आफ्नो अस्तित्वका लागि लडाइँ जारी राख्ने कुरामा जेलेन्स्कीले जोड दिनु भएको छ।

प्रतिक्रियामा, क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले रूसले युद्ध-विराम प्रस्तावलाई स्वागत गरेको उल्लेख गर्दै जेलेन्स्कीले कुनै पनि समयमा मस्कोको यात्रा गर्न सक्ने बताउनुभएको छ। पेस्कोभले राष्ट्रपति पुटिनले अझै पनि उक्त खुला पत्रको समीक्षा नगरिसकेको बताउँदै चाँडै यसको बारेमा जानकारी दिइने बताउनुभएको छ।

द्वन्द्व समाधानका लागि कूटनीतिक प्रयासहरू रोकिएका कारण खुल्ला पत्र आदान-प्रदान भएको जनाइएको छ। यसैबीच पुटिनले कुनै पनि दीर्घकालीन सम्झौताले रूसको सुरक्षा चिन्ता सहित युद्धको "मूल कारण" को रूपमा वर्णन गरेको विषयलाई सम्बोधन गर्नुपर्ने बताउनुभएको छ।

### मोदीमाथि दबाब हानिकारक : पुटिन

सेन्ट पिटर्सबर्ग, २२ जेठ (रासस/एएनआई)।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले भारतलाई 'महान देश' भनेर प्रशंसा गर्दै प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको भारतको स्वतन्त्र विदेश नीतिको खुलेर समर्थन गर्नुभएको छ। उहाँले संयुक्त राज्य अमेरिकाले रुससँगको सहकार्यका विषयमा भारतमाथि दबाब दिने प्रयासलाई कटाक्ष गर्दै यस्ता कदमहरू अन्तर्राष्ट्रिय तथा द्विपक्षीय सम्बन्धका लागि हानिकारक हुने चेतावनी दिनुभएको छ।

सेन्ट पिटर्सबर्ग इकोनोमिक फोरममा सञ्चारमाध्यमलाई सम्बोधन गर्दै राष्ट्रपति पुटिनले भारतले आफ्नो राष्ट्रिय हितअनुसार सबै देशसँग सम्बन्ध विस्तार गरिरहेकोमा रूस सन्तुष्ट रहेको बताउनुभयो। उहाँले भारतलाई 'महान देश' भन्दै यसको कूटनीतिक स्वतन्त्रतालाई स्वाभाविक प्रक्रिया भएको टिप्पणी गर्नुभयो।

उहाँले भन्नुभयो, "भारतले आवश्यक ठानेका देशहरूसँग आफ्ना हितअनुसार अर्थतन्त्र विकास गर्नु स्वाभाविक हो।" साथै उहाँले भारत विश्वका अग्रणी अर्थतन्त्रमध्ये एक भएको उल्लेख गर्दै उच्च आर्थिक वृद्धिदर प्रधानमन्त्री मोदी नेतृत्वको नीतिगत प्रयासको परिणाम भएको दाबी गर्नुभयो।

अमेरिकाले रुससँगको सहकार्यका कारण भारतमाथि दबाब सिर्जना गर्ने प्रयास गरिरहेको आरोप लगाउँदै पुटिनले यस्तो दबाब अस्वीकार्य रहेको टिप्पणी गर्नुभयो। उहाँले भन्नुभयो, "नरेन्द्र मोदीमाथि दबाब दिनु अन्तर्राष्ट्रिय सम्बन्ध र द्विपक्षीय सम्बन्धका लागि हानिकारक हुन्छ, दबाब जहाँबाट आए पनि त्यसको असर नकारात्मक हुन्छ।"

रूस-भारत सम्बन्धबारे बोल्दै उहाँले दुवै देशबीचको विशेष तथा विशेषाधिकार प्राप्त रणनीतिक साझेदारी दशकौँदेखि विकसित हुँदै आएको बताउनुभयो। सन् १९४७ मा सोभियत सङ्घले भारतीय स्वतन्त्रता पछि कूटनीतिक सम्बन्ध स्थापना गरेको स्मरण गर्दै उहाँले दुई देशबीचको सहकार्य ऐतिहासिक र दीर्घकालीन रहेको उल्लेख गर्नुभयो।

उहाँले भारतको विकास यात्रामा भारतीय जनताको परिश्रम र प्रतिभाले महत्त्वपूर्ण भूमिका खेलेको भन्दै प्रशंसा गर्नुभयो। साथै रूस र भारतबीचको सम्बन्ध नयाँ नभई दशकौँको निरन्तर सहकार्य र विश्वासमा आधारित रहेको पनि उहाँको भनाइ थियो।

### कक्रोच पार्टीका संस्थापक दिल्ली प्रस्थान

नयाँदिल्ली, २२ जेठ (रासस/एएफपी)।

व्यङ्ग्यात्मक अनलाइन 'कक्रोच पिपल्स पार्टी' का संस्थापक अभिजीत डिप्के शुक्रबार अमेरिकाबाट भारत फर्कने क्रममा नयाँदिल्ली प्रस्थान गर्नुभएको छ। उहाँले शनिबार शिक्षामन्त्रीविरुद्ध शान्तिपूर्ण विरोध प्रदर्शनका लागि प्रहरी अनुमति लिन तयार रहेको बताउनुभएको छ।

बोस्टन विश्वविद्यालयका ३० वर्षीय स्नातक डिप्केले अनलाइन आन्दोलनलाई समर्थन गर्दै आउनुभएको छ। उहाँ पूर्वमा राजनीतिक सञ्चार रणनीतिकारका रूपमा आम आदमी पार्टीसँग पनि जोडिनुभएको थियो। उहाँले १६ मे मा व्यङ्ग्यात्मक रूपमा "कक्रोच जनता पार्टी" (सिजेपी) स्थापना गर्नुभएको थियो। सिजेपीले भारतीय जनता पार्टी (भाजपा) को शैलीमा अनलाइन गतिविधि विस्तार गरेको हो।

यो अभियान सर्वोच्च अदालतका मुख्य न्यायाधीश सूर्य कान्तले आलोचनात्मक युवाहरूलाई 'कक्रोच' र 'परजीवी' भनेको टिप्पणीपछि सुरु भएको बताइएको छ। पछि ती टिप्पणी सन्दर्भबाट बाहिर लगिएको भनिएको थियो। सिजेपीले छोटो समयमै सामाजिक सञ्जालमा ठूलो लोकप्रियता पाएको छ। भारतमा यसको इन्स्टाग्राम खातामा दुई करोड २० लाखभन्दा बढी फलोअर्स छन्। यो सङ्ख्या भाजपाको ९० लाख र कांग्रेसको एक करोड ३० लाखभन्दा धेरै हो।

डिप्केले शिक्षामन्त्री धर्मेन्द्र प्रधानको परीक्षा अनियमितता आरोपका कारण राजीनामा माग गर्दै आउनुभएको छ। उहाँले एक्समा लेख्दै आफ्नो कानूनी प्रक्रियामा विश्वास व्यक्त गर्नुभएको छ र दिल्लीमा भीड नगर्न समर्थकलाई आग्रह गर्नुभएको छ। लद्दाखका कार्यकर्ता सोनम वाङचुकले पनि शनिबारको प्रदर्शनमा सहभागी हुने बताउनुभएको छ। भारतमा सामाजिक सञ्जालमा कडा निगरानीबीच सिजेपीका केही ह्यान्डल अवरुद्ध गरिए पनि यसको लोकप्रियता निरन्तर बढिरहेको छ।

# विद्यालयस्तरीय टी-२० क्रिकेट छनोट प्रतियोगिता संचालन हुँदै




**दैनिक समाचारदाता**
**राजविराज, २२ जेठ।**

सप्तरीमा अन्तर विद्यालय टी-२० छनोट क्रिकेट प्रतियोगिता संचालन हुने भएको छ।

नेपाल क्रिकेट संघको आयोजनामा संचालन हुने विद्यालयस्तरीय राष्ट्रिय क्रिकेट प्रतियोगिताका लागि मधेश प्रदेशस्तरीय विद्यालय टोली छनोट गर्ने उद्देश्य रहेको छ।

सप्तरी क्रिकेट संघको समन्वय तथा सबल नेपालको आयोजनामा सञ्चालन हुने उक्त प्रतियोगितामा जिल्लाका २० वटा विद्यालयहरूको सहभागिता रहने आयोजकले जनाएको छ।

सप्तरी क्रिकेट संघका सदस्य रोशन मण्डलका अनुसार प्रतियोगिताले विद्यालयस्तरका प्रतिभावान खेलाडीहरूलाई अवसर प्रदान गर्नुका साथै जिल्लाको क्रिकेट विकासमा समेत महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

आयोजक संस्था सबल नेपालका कार्यक्रम संयोजक नवनित जयशवालले प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भइसकेको जानकारी दिँदै प्रतियोगितालाई व्यवस्थित, अनुशासित र प्रतिस्पर्धात्मक बनाउन आवश्यक तयारी सम्पन्न भएको बताए।

शनिबारदेखि सुरु हुने प्रतियोगितालाई लक्षित गर्दै शुक्रबार राजविराजस्थित पविमावि क्रिकेट मैदानमा विद्यालय प्रतिनिधि तथा टिम कप्तानहरूसँग छलफल कार्यक्रम सम्पन्न गरिएको छ। छलफलका क्रममा प्रतियोगितामा पालना गर्नुपर्ने शर्त, खेल सञ्चालन प्रक्रिया, नीति-नियम तथा अनुशासन सम्बन्धी विषयमा आवश्यक निर्णय गरिएको कार्यक्रम संयोजक जयशवालले बताए।

प्रतियोगिताबाट उत्कृष्ट प्रदर्शन गर्ने खेलाडीहरूलाई छनोट गरी आगामी जेठ २७ गतेदेखि संचालन हुने मधेश प्रदेशस्तरीय विद्यालय छनोट प्रतियोगितामा सहभागी गराइने आयोजकले जनाएको छ।

त्यस्तै, असार १ गतेदेखि काठमाडौंमा संचालन हुने राष्ट्रिय विद्यालयस्तरीय क्रिकेट प्रतियोगिताका लागि मधेश प्रदेशको प्रतिनिधित्व गर्ने टोली निर्माण गर्ने लक्ष्य राखिएको छ।

# वातावरण दिवसमा विविध कार्यक्रमको आयोजना

**दैनिक समाचारदाता**
**राजविराज, २२ जेठ।**



विश्व वातावरण दिवसको अवसरमा सप्तरीको तिलाठी कोईलाडी गाउँपालिकाको विभिन्न वडाहरुमा विविध कार्यक्रमको शुक्रबार आयोजना गरेको छ।

"समृद्ध भविष्यको आधार : जलवायु एवम् प्रकृतिमैत्री विकास" नाराका साथ गाउँपालिकाको संयोजनमा विभिन्न गैरसरकारी संस्थाहरुद्वारा संयुक्त रुपमा वृक्षारोपण लगायतको कार्यक्रमहरु गरिएको हो।

गाउँपालिकामा कार्यरत विकास साझेदार संस्थाहरु सबल नेपाल, समावेशी अपाङ्ग संघ, आसमान नेपाल र ग्रामीणमुखी युवा अभियान नेपाल (रोयम नेपाल)द्वारा संयुक्त रुपमा वृक्षारोपण कार्यक्रमको आयोजना गरिएको छ।

सो अवसरमा वडा नं. ८ तोपास्थित जनता माध्यमिक विद्यालय वडा नं. ७ स्थित लक्ष्मी बल्लभ नरसिंह माविको प्राङ्गणमा र वडा नं. ४ कोईलाडीको वडा कार्यालय अगाडि वृक्षारोपण गरिएको छ भने सो अवसरमा वडा नं. ४ का वडा अध्यक्ष मुनिलाल मुखिया, गाउँपालिकाका विपद् सम्पर्क व्यक्ति राजेश कुमार झा, प्रधानाध्यापकद्वय विपिन झा र ब्रह्मदेव यादवसहितकाले वृक्षारोपण गरे।

कार्यक्रममा सबल नेपालका अध्यक्ष जुना गिरी, कार्यक्रम प्रबन्धक अशोक साह, कार्यक्रम संयोजक मनिष महर्जन, समावेशी अधिकृत ज्ञानेन्द्र कुमार झा, रोयम नेपालका जिल्ला संयोजक ओम प्रकाश चौधरी, आसमान नेपालकाका काशिन्द्र शर्मासहितको सहभागिता रहेको थियो।

यसैगरी सबल नेपाल र समावेशी अपाङ्ग संघद्वारा सिविएम ग्लोबलको सहयोगमा तिलाठी कोईलाडी गाउँपालिका र सप्तकोशी नगरपालिकामा सञ्चालित अपाङ्गता समावेशी विपद जोखिम न्युनीकरण कार्यक्रम अन्तर्गत विविध कार्यक्रमको आयोजना गरियो।

राजेन्द्र देवकी माध्यमिक विद्यालय कोईलाडीमा विपद सम्बन्धी चित्रकला र हाजिरी जवाफ प्रतियोगिता, र उमेश्वर आधारभूत विद्यालय लौनियाँमा चित्रकला प्रतियोगिताको आयोजना गरियो। दुवै विद्यालयका प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान हासिल गरेका विद्यार्थीलाई पुरस्कार प्रदान गरिएको थियो।

यसैगरी सप्तकोशी नगरपालिकाको गोबर्द्धन बैरागी जनता माविमा राष्ट्रिय माविमा वृक्षारोपण तथा सरसफाई, शिव मन्दिर प्राङ्गणमा वृक्षारोपन, नन्द उमा माध्यमिक विद्यालय र जनता माध्यमिक विद्यालय, भगनीमा वृक्षारोपन, चित्रकला र हाजिरी जवाफ प्रतियोगिताको आयोजना गरिएको समावेशी अपाङ्ग संघका समावेशी अधिकृत ज्ञानेन्द्र कुमार झाले जानकारी दिए।

कार्यक्रममा तिलाठी कोईलाडी गाउँपालिका वडा नं. १ का वडा अध्यक्ष दिनेश्वर मिश्र र वडा नं. ८ का अध्यक्ष सत्यनारायण यादव, सप्तकोशी नगरपालिकाका वडा नं. १ का वडा अध्यक्ष रोहिणी प्रसाद पोखरेल लगायतको सहभागिता रहेको थियो।

# जिता नदीमा जैविक तटबन्ध निर्माण शुरु



**दैनिक समाचारदाता**
**राजविराज, २२ जेठ।**

सप्तरीको तिलाठी कोईलाडी गाउँपालिका वडा नं. ७ मन्सापुरको मर्राही टोल र सरदार टोलस्थित जिता नदीमा जैविक तटबन्ध निर्माण कार्य शुरु गरिएको छ।

गाउँपालिकामा संचालित पूर्वानुमानमा आधारित पूर्वकार्य कार्यक्रमको सहयोगमा उक्त तटबन्ध निर्माण कार्य संचालन गरिएको हो।

विश्व वातावरण दिवसको अवसरमा गाउँपालिकाका अध्यक्ष अरुण कुमार मण्डल र विपद सम्पर्क व्यक्ति राजेश कुमार झाले बाँस पाइलिङ गरि जैविक तटबन्ध निर्माण कार्यको शुभारम्भ गरे।

मर्सि कोर्प्स नेपाल र कोका कोला फाउन्डेशनको सहयोगमा आसमान नेपालद्वारा तिलाठी कोईलाडी गाउँपालिकाको सहकार्यमा सो तटबन्ध निर्माण कार्य संचालन गरिएको हो।

तटबन्ध निर्माण कार्यको शुभारम्भ गर्दै गाउँपालिका अध्यक्ष अरुण कुमार मण्डलले जैविक तटबन्ध निर्माणले नदीबाट बर्सेनी हुने गरेको कटान नियन्त्रण हुने बताए।

गाउँपालिका वडा नं. ७ मन्सापुरको मर्राही टोलस्थित जिता नदिमा एक सय एक मिटर र सरदार टोलमा एक सय ६३ मिटर गरि कूल २ सय ६४ मिटर जैविक तटबन्ध निर्माण गरिने गाउँपालिकाका विपद सम्पर्क व्यक्ति राजेशकुमार झाले जानकारी दिए।

उक्त बाँध निर्माणमा आसमान नेपालबाट १३ लाख र गाउँपालिकाबाट ४ लाख ८३ हजार २ सय ४८ रुपैयाँ कूल १७ लाख ८३ हजार २ सय ४८ रुपैयाँको लागत साझेदारीमा निर्माण कार्य सञ्चालन गरिएको झाले जनाए।

जैविक तटबन्ध निर्माणको लागि टेन्डर प्रक्रियाबाट धनुषाको अखिलेश्वर निर्माण सेवाले ठेक्का पाएको आसमान नेपालको पूर्वानुमानमा आधारित पूर्वकार्य कार्यक्रमका कार्यक्रम प्रबन्धक अशोक कुमार यादवले बताए।

तिलाठी कोईलाडी गाउँपालिका वडा नं. ७ मन्सापुरका वडा अध्यक्ष हरि नारायण मण्डलको अध्यक्षतामा आयोजित सो कार्यक्रम आसमान नेपालका सामाजिक परिचालक काशिन्द्र शर्माले सञ्चालन गरेका थिए।

सो कार्यक्रममा स्थानीय तथा समुदायस्तरीय विपद व्यवस्थापन समितिका सदस्यहरु समेतको सहभागिता रहेको थियो।

# लामो बिदामा रहेका कर्मचारीलाई तीन दिनभित्र हाजिर हुन आह्वान

काठमाडौँ, २२ जेठ (रासस)।

भूमि व्यवस्था, सहकारी सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सम्पर्कविहीन निजामती कर्मचारीलाई आगामी तीन दिनभित्र हाजिर हुन आह्वान गर्दै त्यसो नगरे कारबाही प्रक्रिया अघि बढाउने चेतावनी दिएको छ।

उक्त मन्त्रालयले शुक्रबार एक सूचना जारी गरी अध्ययन बिदा तथा असाधारण बिदासम्बन्धी अभिलेख राष्ट्रिय किताबखाना (निजामती) मा अद्यावधिक नभएका कर्मचारीलाई तीन दिनभित्रमा अनिवार्य रूपमा आफ्नो अभिलेख अद्यावधिक गराउन आह्वान गरेको हो।

नेपाल सरकारका मन्त्रालय, आयोग, सचिवालय तथा केन्द्रीयस्तरका कार्यालयलाई आफ्नो निकायबाट विभिन्न समयमा अध्ययन बिदा वा असाधारण बिदा स्वीकृत भएका कर्मचारीको विवरण, बिदा अवधि समाप्तिपछि कर्मचारी हाजिर भए वा नभएको तथा अन्य विवरण राष्ट्रिय किताबखाना (निजामती) सँग समन्वय गरी यकिन गर्न र तीन दिनभित्र अभिलेख अद्यावधिक गराउन सूचनामा अनुरोध गरिएको छ।

# सशस्त्र प्रहरीद्वारा विपद् उद्धारसम्बन्धी कृत्रिम अभ्यास

मोरङ, २२ जेठ (रासस)।

सशस्त्र प्रहरी बलद्वारा विपद् उद्धारसम्बन्धी कृत्रिम घटना अभ्यास कार्यक्रम आयोजना गरिएको छ। सशस्त्र प्रहरी बल, नेपाल नं ३ गण हेड क्वाटर कञ्चनीले 'विपद् उद्धार तथा प्रतिकार्यसम्बन्धी कृत्रिम घटना अभ्यास कार्यक्रम' विराटनगर महानगर पालिका र सुनसरीको बर्जु गाउँपालिकाको सीमा क्षेत्रमा रहेको केशलिया खोलामा आज सम्पन्न गरेको हो।

विपद् उद्धार कृत्रिम घटना अभ्यास कार्यक्रममा आगलागीबाट सुरक्षित निकाल्नु, बाढीपहिरोबाट जनधनको क्षति जोगाउन, खोलामा डुबिरहेको नागरिकको ज्यान जोगाउनुलगायत गतिविधि गरिएको थियो। वर्षायामको सुरुवातसँगै आउने सम्भावित प्राकृतिक विपद् (जस्तैः बाढीपहिरो, डुबान) बाट हुन सक्ने जनधनको क्षतिलाई न्यूनीकरण गर्न र विपद् व्यवस्थापनलाई थप प्रभावकारी बनाउने उद्देश्यले उक्त अभ्यास कार्यक्रमको आयोजना गरिएको हो।

विपद्को समयमा तत्काल कसरी परिचालन हुने, घाइतेको उद्धार कसरी गर्ने र प्राथमिक उपचार कसरी पुऱ्याउने भन्ने विषयमा सशस्त्र प्रहरीका जवान तथा अधिकारीहरूले कृत्रिम घटनाको प्रयोगात्मक अभ्यास गरेका गरिएको थियो। विपद्को घडीमा सुझबुझले धैरैको ज्यान जोगाउन सकिने हुनाले सुरक्षा निकायलाई सधैँ तयारी अवस्थामा राख्न यस्ता अभ्यास कार्यक्रमले महत्वपूर्ण भूमिका खेल्ने बलले जनाएको छ।

मोरङ जिल्ला प्रमुख जिल्ला अधिकारी युवराज कट्टेलले गाउँघरमा उपलब्ध स्थानीय सामग्रीको प्रयोगबाट बाढीपहिरोको जोखिमका समयमा उद्धार गर्न सकिने बताउनुभयो। उहाँले स्थानीय पालिकाको सानो रकमको सहयोगबाट विपद्का समयमा नागरिकको जनधनको रक्षा गर्न सकिने भन्दै यसका लागि बजेट विनियोजन गर्न आग्रह गर्नुभयो।

विराटनगर महानगरपालिकाका प्रमुख नागेश कोइरालालगायत सशस्त्र प्रहरी कञ्चनीका प्रमुख गेहेन्द्रबहादुर भण्डारी, जिल्ला प्रहरी मोरङका प्रमुख कवित कटुवाल, स्थानीय, रेडक्रसका प्रतिनिधिलगायत उपस्थिति रहेको थियो।

**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेबसाइट** : rajbirajdainik.com.np